जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३८, २०८२ वैशाख १८ गते विहीबार, 1 May 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

२९ दिनपछि शिक्षकको आन्दोलन स्थगित

केके हुन ९ बुदें सहमति

पेज ३ मा

○ सहीखबर संवाददाता

काठमाडौं । सरकारसँग ९ बुँदे सहमति भएसँगै २९ दिनदेखि जारी शिक्षकको काठमाडौंकेन्द्रित आन्दोलन स्थगित गरिएको छ। आज बिहीबार सार्वजनिक बिदा भएकाले भोली शुक्रबारबाट शिक्षकहरु विद्यालय फर्किने छन् ।

विद्यालय शिक्षा ऐन नलिई नफर्किने बाचा गरेका शिक्षकहरुको हातमा तत्कालै ऐन त परेन, तर हात खाली पनि फर्किनु परेन । विद्यालय शिक्षा ऐन तत्कालै हात नपरे पनि शिक्षकहरु सेवासुविधा हात पारेर फर्किएका हुन् । 'यसअघिका सम्झौता उधारो थियो । यसपटक नगदै भयो,' सहमतिका बुँदा सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले भने ।



सरकारसँग भएको नौबुँदे सहमति मन्त्रिपरिषद्बाट निर्णय गराएर मात्र शिक्षक महासंघले शैक्षिक हडताल स्थगित गर्‍यो ।

त्यो सहमतिमा शिक्षकहरुले उठाउँदै आएका मुख्य माग विद्यालय शिक्षा ऐन समावेश छैन । आफ्नो मुख्य मागमा भने शिक्षकहरुले उधारोमा सहमति गरेका छन् । यद्यपि, शिक्षकहरुले प्रतिनिधिसभाको शिक्षा समितिका सभापति तथा सत्तारूढ दल एमाले र कांग्रेसका प्रमुख सचेतकबाट आगामी १५ असारभित्र ऐन जारी गरिसक्ने प्रतिबद्धता लिखितै लिएका छन् ।

'५३ वर्ष पुरानो ऐन राज्यले ढालढुल गरेर चलाएको थियो । अब नयाँ ऐन आउने सुनिश्चतता भएको छ । नयाँ विद्यालय शिक्षा ऐन २०८२ जारी गर्ने आगामी १५ असारसम्मको सयम तोकिएको छ । अलिकति भाका राख्नु पर्‍यो । ऐन ल्याउने प्रक्रियामा समय लाग्ने भएर हो,' महासंघ सहअध्यक्ष नानुमाया पराजुलीले भनिन् ।

सँविधान जारी भएको ९ वर्ष हुँदा पनि संघीय शिक्षा ऐन आउन सकेको छैन । यसपटक १ महिना चलेको आन्दोलनको मुख्य उपलब्धि ऐन जारी हुने सुनिश्चतता भएको महासंघको निष्कर्ष छ । 'सँविधान बनेको यतिका समय हुँदा पनि ऐन बनेको थिएन । अब ऐन आउने भयो । यो ठूलो उपलब्धि हो,' पराजुलीले भनिन् ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी पनि एक महिने आन्दोलनको मुख्य उद्देश्य ऐन नै भएको बताउँछन् । उनी पनि यसपटकको आन्दोलनलाई उपलब्धि ठान्छन् । 'काठमाडौंकेन्द्रित आन्दोलनको एक मात्र लक्ष्य शिक्षा ऐन जारी गर्ने उद्देश्य थियो । त्यसैले यो नै ठूलो उपलब्धि हो,' अध्यक्ष सुवेदीले भने ।

यसअघि २०६५, २०६८ र २०८० मा पनि शिक्षक महासंघको ब्यानरमा शिक्षकहरु आन्दोलित भएका थिए । त्यसबेलाका सरकार र महासंघबीच सम्झौताहरु भएका थिए । तर कार्यान्वयन भएनन् । त्यसैले यसपटकको सहमति महासंघले मन्त्रिपरिषद्बाट नै पारित गराउन अन्तिमसम्म बल गरिरह्यो र सफल पनि भयो । यसलाई शिक्षकहरुले हाताहाती उपलब्धि मानेका हुन् ।

मन्त्रिपरिषद्ले शिक्षक कर्मचारीलाई उपचारमा सहुलियत उपलब्ध गराउने निर्णय गरेको छ । सरकारले अस्थायी प्रकृतिका शिक्षक (राहत, अस्थायी/करार सांकेतिक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ता) को बिरामी बिदा सञ्चित हुने र सो बापतको रकम सेवाबाट अलग हुँदाका बखत एकमुष्ट रुपमा प्रदान गर्ने भएको छ।प्रारम्भिक बालविकास

बाँकी पेज ३ मा

संरचना निर्माणको लागि बर्षेनी बजेट छैन जग्गा



○ सहीखबर संवाददाता

मकवानपुर । संघीयताको अभ्यास सुरू भएको ७ वर्ष बित्यो । मन्त्रालयहरू एकै घरमा बाँडिचुडि काम चलाउन देखि भाडाको घरबाट सेवा दिन बाध्य छन् ।

मन्त्रालयहरूको उचित व्यवस्थापन गर्नको लागि जग्गा नै नभएकोले भौतिक संरचना निर्माणमा प्रदेश सरकारले आफ्नो प्रगति देखाउन सकेको छैन । संघीय सरकारसँग जग्गाको व्यवस्थापन गर्न ७ वर्षदेखि सहजिकरणको माग गर्दै आएको प्रदेश सरकारले संरचना निर्माणमा भने वर्षेनी बजेट छुट्याउँदै आएको छ ।

जग्गा प्राप्ति होला र प्रादेशिक संरचना निर्माणको काम थालौला भनेर प्रदेश सरकारले बजेटको व्यवस्था गर्दै आएको भएपनि,काम देखाउन पाएको छैन । प्रदेश सरकारले पाँच वर्षदेखि संरचना निर्माणमा प्रगति देखाउन नसकेको हो ।

प्रादेशिक संरचना निर्माणको काम अघि बढाउन भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत छुट्टै संरचना (कार्यालय) समेत खडा गरिएको छ । यद्यपि, जग्गा प्राप्त नहुँदा सो संरचनाले आयोजना कार्यान्वयन गर्न त परै जाओस्, प्रदेश सरकारलाई उल्टै आर्थिक भार थपेको छ ।

२०७५ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकारको संरचना निर्माणका लागि जग्गा छनोट थालेका थिए । उनले हेटौंडा ९ स्थित हेटौंडा सिमेन्ट उद्योगको जग्गालाई पहिलो रोजाइमा राखे पनि उक्त जग्गा प्रदेश सरकारलाई प्राप्त हुने अवस्था नरहेपछि २०७६ मा हेटौंडा १७, हटिया, डिपोचौर मा जग्गा अवलोकन गरे । उक्त ठाउँमा प्रादेशिक संरचना निर्माण गर्न सकिने अध्ययन निष्कर्षका आधार मा जग्गा प्राप्ति प्रक्रिया अघि बढाउनका साथै बजेट विनियोजन पनि भएको थियो ।

तत्कालीन प्रदेश सरकारले सो जग्गा प्राप्तिका लागि संघीय सरकारलाई पत्राचारसमेत गरेको थियो । जग्गा प्राप्त हुन नसकेपछि विगतका २ मुख्यमन्त्री राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको पहलले पनि सार्थकता पाउन सकेन ।

डिपोचौरको जग्गामा प्रादेशिक संरचना निर्माणका लागि २०७८ फागुनमा संघीय सरकारसमक्ष स्वीकृति माग गरिएको थियो ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को २०७९ माघ १० गते बसेको बैठकले वातावरणीय अध्ययन तथा भवन निर्माण प्रक्रिया प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् अगाडि बढाउने निर्णय गरेको थियो भने २०८१ वैशाख २३ मा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रदेशको वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो ।

वन क्षेत्रको उक्त जग्गा भोगाधिकार प्राप्तिका लागि वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुनुपर्ने व्यवस्था अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को दफा ३, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को दफा ४ को खण्ड (ग) बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भएको थियो ।

कहाँ अड्क्यो फाइल ?

प्रदेश सरकारले पहिलो पटक २०७८ मै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई जग्गा उपलब्ध गराइदिन भन्दै पत्राचार गरेको थियो । यद्यपि सकारात्मक परिणाम हासिल हुन सकेन ।

वन क्षेत्रको जग्गा पर्ने भएकाले सो कार्यका लागि राष्ट्रिय गौरवको आयोजना बनाउनु पर्ने जवाफ प्रधानमन्त्री कार्यालयबाट प्राप्त भयो । सोही अनुसार प्रदेश सरकारले ईआइईए प्रतिवेदन तयार गरेर मन्त्रिपरिषद बैठकबाट निर्णय गरेर पुन: प्रधानमन्त्री कार्यालय पठायो । २०८० मै उक्त कार्य सम्पन्न भए पनि थप प्रक्रिया अघि बढ्न सकेन ।

प्रधानमन्त्री कार्यालय र राष्ट्रिय योजना आयोगबिचको समन्वय अभावले जग्गा प्राप्तिको प्रक्रिया एक वर्ष अल्झियो । २०८१ असार १४ गते प्रदेश सरकारको मन्त्रिपरिषदबाट पुन: निर्णय गराएर प्रशासनिक भवन निर्माण योजना राष्ट्रिय गौरव आयोजना निर्धारण गर्न सिफारिस गर्ने निर्णय भयो ।

सरकार परिवर्तनसँगै उक्त कार्य अघि बढ्न सकेन । २०८१ मंसिर २७ मा प्रदेश सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार गर्‍यो । सो पश्चात् प्रधानमन्त्री कार्यालय र राष्ट्रिय योजना आयोगबिच उक्त विषयमा ७ वटा पत्र आदान प्रदान भएको मुख्यमन्त्री बहादुर सिंह लामाका प्रमुख स्वकीय सचिव छत्र बहादुर लामाले जानकारी दिए ।

प्रधानमन्त्री कार्यालय र आयोगबिच आयोजना सिफारिस गर्ने विषयमा विवाद हुँदा समस्या भएको उनको भनाइ छ ।

उक्त विषयमा पटक पटक समन्वय र लबिङ गर्ने क्रममा २०८१ चैत ६ मा आयोगले प्रदेशको प्रशासनिक भवन निर्माण कार्यलाई राष्ट्रिय गौरवको आयोजना निर्धारण गरेको प्रमुख स्वकीय सचिव लामाको भनाइ छ । आयोगले चैत ६ को निर्णय अनुसार चैत १४ मा प्रधानमन्त्री कार्यालयलाई पत्राचार गरेको छ भने प्रधानमन्त्री कार्यालयले १८ गते मुख्यमन्त्री कार्यालयलाई जवाफ पठाएको छ ।

सो पत्र प्राप्त भए लगत्तै प्रदेश सरकारले संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयलाई जग्गा प्राप्तिका लागि पत्राचार गरेको प्रमुख स्वकीय सचिव लामाले बताए । मुख्यमन्त्री कार्यालयको पत्राचार अनुसार भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयले सो आयोजनाको ईआइईए तथा डीपीआर पेस गर्न पत्राचार गरेको उनको भनाइ छ ।

सो अनुसार केही दिन अघिमात्र माग अनुसारको कागजात पठाइएको लामाले जानकारी दिए । 'हामी जग्गा प्राप्तिको अन्तिम चरणमा

बाँकी पेज ३ मा

प्रकाशक :- सरिता दाहाल
कार्यकारी सम्पादक :- संझना घिमिरे,
समाचार संयोजक:- जानुका संजेल,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर

सम्पादकीय

आन्दोलनले प्रभावित शिक्षा

गत चैत्रमा परीक्षा सकिए लगत्तै विद्यालयका स्थायी शिक्षकलगायतकाले निर्णायक आन्दोलन गर्न काठमाडौं केन्द्रित भए । त्यसको असर विद्यायल क्षेत्रमा तत्काल देखियो । कक्षा १२को वार्षिक परीक्षा पर धेकेलियो । विद्यार्थी भर्ना अभियान हुन सकेन एसइईको कापी जाँच समेत रोकियो ।आन्दोलन यही समयमा गर्दा सरकारलाई दबाब पुग्ने शिक्षकका संघ संघठनका प्रतिनिधिले आकलन गरे ।तत्कालिन शिक्षा मन्त्रीले ७ बुदे प्रस्ताव तयार गरेर आन्दोलनरत शिक्षकको महासंघलाई वार्तामा बोलाइए पनि शिक्षकहरू सडकबाटै शिक्षा ऐन लिएर फर्किने मन्दै अटेर गरी सडकमै बसे । अन्तत:२९ औं दिनसम्म चलेर शिक्षक आन्दोलन ९ बुँदे सहमतिमा सकिएको छ ।

शिक्षक आन्दोलन राजनीतिक प्ररित देखिदैं आएको छ । आन्दोलन गर्दा सम्बन्धित पक्षमा पर्ने प्रभावको आकलन गरिदै गरिएन् । सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थी हप्तौं घरमै थुनिएर बस्न प्यो । निजी विद्यालय निर्वाद खुले पढन् पाठन भयो । शिक्षक कर्मचारीको आन्दोलनको मार विद्यार्थी अभिभावकले खेप्नु पर्ने हो र? शिक्षा क्षेत्रमा भन्दा सेवा सुविधामा केन्द्रित भएर गरिएको आन्दोलन अवतरण हुने मनको सम्झौतामा उद्यारो नै हो । यसअघी भएका आन्दोलन समेत यसरीनै सकिएको थियो । एकातिर सरकारी विद्यालयको सिकाइ उपलब्धी खस्किदो छ । शिक्षकलाई राजनीति गर्नछन् भन्ने आरोप छ ।पठनपाठान र उपलब्धी पहिलो प्राथमिकता हो ।त्यसपछि पेशागत माग मुद्दा उठाउनु नाजायज होइन् ।तर समग्र विद्यार्थीको भविश्यसमेत अन्यौल हुने गरी गरिने कार्य क्षामायोग्य हुनै सक्दैन् । गुणस्तरीय शिक्षा, शिक्षामा राजनीतिक हस्तक्षेप बन्द तथा समयानुकुल शिक्षा नीतिका पक्षमा आन्दोलन नहुँदा शिक्षा क्षेत्र प्रभावित मात्रै हुने हो । उपलब्धी गुम्दै जानेछ ।

आमाको महिमागान गर्न असमर्थ छौं

सन्तान नजिक होस् या ढाढा, जता भए पनि, तिनले कथंकदाचित् बेफुर्सदीमा कुरा गर्न नम्याए पनि सञ्चो भएन कि भनेर बोली नसुनुञ्जेल अधैर्य रहने र आमा वा मम्मी जुनै सम्बोधन होस सुनेर तृप्त हुने महान् व्यक्ति हुनुहुन्छ ।



प्रीति आत्रेय ज्ञवाली

मातातीर्थ औंसी अर्थात् आमाको मुख हेर्ने दिन । यो दिनलाई मातृसम्मान दिवस र मातृस्मृति दिवस भनेर पनि भनिन्छ ।

यसपालीको आमा सम्झिने औंसीमा धेरै नारीहरुलाई आमा बन्ने सौभाग्य प्राप्त भएको छ । कोही गर्भिणी भएर आमा बन्ने तर खरमा छन् । केहीलाई नातिनातिना जन्मेर पुस्ता बढेको गर्व भएको छ । त्यस्तै केहीलाई अनपेक्षितरुपमा मातृशोकको सामना गर्नुपरेको छ । फेरि करौलाई आफू आमा भनेर गौरव गर्ने कुरा (सन्तान) को शोकको सामना पनि गर्नु परेको छ ।

जीवित आमाहरुलाई भेटेर आशिर्वाद लिएर दु:खसुखबारे विचार विमर्श गरी आमाको सहजताबारे विचार गरिन्छ भने कीर्तिशेष भैसकेका आमाहरुलाई सम्झना गरेर उहाँको स्मृति गरी आआफ्नो तर्फबाट सक्दो रुपमा मनसा वाचा कर्मणा सम्झिने कर्म गरिन्छ ।

आआफ्नो ल्याकत र योग्यता अनुसार हरेक व्यक्तिको आमालाई सम्झिने विभिन्न तरीका र दृष्टिकोण रहेका छन् जुन कुरा हामीले सामाजिक सञ्जालका विविध पक्षहरुमा देख्न सक्छौं ।

आमालाई देवीको रुपमा वर्णन गरिएको कुरा दुर्गासप्तशतीको पाँचौं अध्यायमा भएको श्लोकले प्रष्ट पारेकै छ

या देवी सर्वभूतेषु मातृरुपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नम: ।।

त्यसैगरी मनुस्मृतिमा पनि.....

उपाध्यायान् दशाचार्य: आचार्याणां शतं पिता ।
सहस्रं तु पितकन् माता गौरवेणातिरिच्यते ।।

श्लोकका माध्यमले माताको महिमा पिताभन्दा हजार गुना ठूलो छ भन्ने कुरा बताइएको छ ।आमामा भएको ममत्व, वात्सल्य, शिशुमा स्तनपान गराउनसक्ने सामर्थ्य, सजिलैसित भाव बुझ्नसक्ने सामर्थ्य, तह लगाउन सक्ने सामर्थ्य, हाँसीहासी विना कुनै रोष सन्तानलाई हात लिन सक्ने सामर्थ्य आदि इत्यादि कुराले मातृमहिमा बखान धेरै गरिएको पाइन्छ ।

यसो भन्दैमा पिताको महिमा कम छ भन्न खोजेको कदापि हैन । पिताको साथ र सम्बन्धले नै माता माता बन्न योग्य हुन्छन् त्यसमाथि पनि नौ महिनासम्मको गर्भावस्था, स्तनपान, पालनपोषण इत्यादि कुराले माताको महत्ता बढी भएको कुरा हामी स्वत: पनि अनुमान लगाउन सक्दछौं ।

चाणक्यनीतिमा चाणक्यले....

राजपत्नी गुरो: पत्नी मित्रपत्नी तथैव च ।
पत्नीमाता स्वमाता च पञ्चैता मातर: स्मृता: ।।

श्लोकमार्फत् रानी, गुरूआमा, साथीकी श्रीमती, सासू र आफ्नी आमा समेत गरी पाँच आमा हुन्छन् । आफ्नी आमा र सासू आमालाई जस्तै राजमाता/रानी, गुरूआमा साथै मित्रकी पत्नीलाई पनि आमासमान व्यवहार गर्नुपर्ने कुरा भनेका छन् । शिशुको स्याहार सम्भार गर्ने हुनाले धाईआमा लाई पनि आमाको रुपमा आदर गर्नुपर्ने कुरा पनि छन् ।

त्यस्तै ब्रह्मवैवर्त्य पुराणमा

गुरूपत्नी राजपत्नी देवपत्नी तथा वधु: ।
पित्रो: श्वसा शिष्यपत्नी भृत्यपत्नी च मातुली ।।
पितृपत्नी भ्रातृपत्नी श्वशृश्च भगिनी सुता ।
गर्भधात्रीष्टदेवी च पुंस: षोडश मातर: ।।

गुरूपत्नी, राजपत्नी, देवपत्नी, पुत्रवधु, आमाकै दिदीबहिनी, पिता की दिदीबहिनी, शिष्यपत्नी, भृत्य पत्नी (काम गर्न सघाउनेकी पत्नी) , माइजु , पिता की पत्नी (आफ्नी आमा, सौतेनीआमा), दाजुभाइका श्रीमती (भाउजु, बुहारी), सासू , दिदी बहिनी, छोरी , आफूलाई गर्भमा धारण गर्ने (जन्मदिने आमा, आफ्नो कोखमा राखेर जन्माउने आमा) तथा इष्टदेवी यी सोह थरी नारीहरुलाई हरेक व्यक्तिले आमाको रुपमा मनन गर्नुपर्ने कुरा बताइएको छ ।

त्यस्तै, सन्तान जतिसुकै नीच वा पतित भएपनि आमाहरु कहिले पनि कुमतिका हुँदैनन् भन्ने कुरा "देव्यापराधक्षमापनस्तोत्रम्" को "कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ।" श्लोकको अंशले पनि प्रष्ट पारेको छ ।

आमा सबैभन्दा महत्वपूर्ण यसकारण हुनुहुन्छ कि आमालाई सन्तानले आमा भनेर बोलाउँदा जस्तोसुकै दु:ख सुख,गाह्रो साँघुरो जेजस्तो परोस् सन्तानको खुसीका निमित्त जता पनि पुग्नुहुन्छ । आ..होस् भन्नुहुन्न । आँ गर्दा अलङ्कार बुझ्नुहुन्छ । सन्तानको परिस्थिति बुझेर आफ्नो भाव व्यक्त गर्नुहुन्छ । सानोतिनो कुरालाई हाँसेरै पचाइदिनुहुन्छ ।

सन्तान नजिक होस् या ढाढा, जता भए पनि, तिनले कथंकदाचित् बेफुर्सदीमा कुरा गर्न नम्याए पनि सञ्चो भएन कि भनेर बोली नसुनुञ्जेल अधैर्य रहने र आमा वा मम्मी जुनै सम्बोधन होस सुनेर तृप्त हुने महान् व्यक्ति हुनुहुन्छ । आमाको महिमा यसै भनेर करौले भन्न सकेको छैन । मातृमहिमा अपरिमित छ । आफ्नो जन्मभूमि/देश/रा ष्ट्रलाई पनि आमासरह मानिएको छ । त्यसैले त हामी नेपाल आमा भनेर गर्वले आफ्नो राष्ट्रको सम्मान गर्दछौं । यसै कुरामा लक्षित रामायणमा रामले लक्ष्मणलाई भनेको श्लोक समाजमा व्यापकरुपमा चर्चित छ...

अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि ।।

आफ्नो आमासमान देश र आमाका बारेमा विभिन्न साहित्यकार हरुका कृति पनि निस्केका छन् । प्रा.डा.विष्णुराज आत्रेयको राष्ट्रप्रति लक्षित "धन्यो हिमवद्देश: (संस्कृत भाषामा रचित राष्ट्रिय गीतिकाव्य), जन्मभूमिप्रति लक्षित "कपिलवस्तु" खण्डकाव्य नेपालीमा, सिङ्गीघाट (अवधि भाषामा रचित जन्मजिल्ला एवं अञ्चलमित्रको प्रसिद्ध स्थानबारे महाकाव्य) जन्मदातृ आमाको महिमागानमा वर्णित "मातृमहिमा" खण्डकाव्य निस्केको छ ।

एकै व्यक्तिले संस्कृत, नेपाली र अवधि गरी तीन भाषामा काव्यको रचना गरेर राष्ट्र, जन्मेको ठाउँ र जन्मदिने आमाको नाममा पुस्तक (काव्य) निकाल्ने प्रा. डा. विष्णुराज आत्रेय लाठोसाथी नेपालकै पहिलो व्यक्ति हुनुभयो । नेपालको साहित्यिक क्षेत्रमा पहिलो स्थानमा र एक सफल उदाहरणीय व्यक्तित्वको रुपमा आफूलाई उभ्याउन सफल बनेर नेपाली साहित्य भण्डारको ओज बढाउन सहयोग गरेको छ ।

त्यस्तै साहित्यकार उपमा आचार्यले "मातृ वन्दना" र डा. ज्ञाननिष्ठ ज्ञवालीले "आमा" खण्डकाव्य निकाल्नुभएको छ । कवि गोपालप्रसाद रिमालको आमा कविताको महत्तोबारे सबैलाई सर्वविदितै छ । त्यस्तै प्रा.डा. अलका आत्रेयको आमामा समर्पित शार्दूलविक्रीडित छन्दको कविता "मौनव्रती वृक्ष र आमा" कोकिल स्वरकी छन्द गायिका सरू गुरागाईंको स्वरमा युद्युबमा प्रसारित सर्वाधिक चर्चित कविता एवं कवि प्रभा भट्टराई आचार्यको "आमा" कविताले साहित्यिक सञ्जाल ततायेको कुरा प्राय: सबै साहित्यप्रेमीहरुलाई सर्वविदितै छ ।

त्यस्तै हालसाले छन्ददिवसका दिन कवि कल्पना भट्टराई अधिकारी द्वारा आमालाई समर्पित "आमा" खण्डकाव्य विमोचित भएको छ । हुनत, नेपाली साहित्यमा विभिन्न प्रसिद्ध ख्यातिप्राप्त सिद्धहस्त कविहरुले आमा र राष्ट्रका नाममा विभिन्न कविताहरु लेख्नुभएको छ । मैले यहाँ दृष्टान्तको रुपमा भन्नैपर्ने र मैले चिनेका र सुनेका कविहरुको नाममात्र व्यक्त गरेकी हुँ ।

साधारणतया कुनै पनि सन्तान वा कुनै पनि मातापिता खराब हुँदैनन् । कताकति अपवादका रुपमा समय र परिस्थितिले करौलाई कुसन्तान र कुमाता भनेर भनिएपनि कोख र दशधाराको महत्ताले जुनै आमा पनि सम्मानयोग्य छिन् भन्ने कुरा हामी सबैले स्वीकार्दै आएका छौं । अहिलेको समय र परिस्थितिले कतिपय आमाहरुलाई आमाबुवाहरुलाई सन्तानबाट ठाढिइनु परेको छ । कतिपयलाई बाध्यतावश वृद्धाश्रममा आश्रममा पनि बस्नुपरेको छ । यस्तो अवस्था सकेसम्म करौलाई पनि नपरोस् । सकेसम्म हामी सबैले सक्दोरुपमा आफ्ना आमाबुवाहरुलाई यथोचित मानसम्मान र सत्कार गर्न सकौं । हामी करौका कारण हाम्री आमा र नेपाल आमाको आँखाबाट आँसु नझरोस्, झरे पनि खुसीको आँसु झरोस् ।

आमाको मुख हेर्ने दिनमा मात्र मातृसम्मान गर्ने कुरा सीमित नहोस् । जीवित छउञ्जेल हरेक सन्तानले आफ्ना आमाहरुलाई राम्रो सम्मान दिन सकौं र दिवङ्गत भएपछि पनि स्मृतिमा गर्नुपर्ने कुराहरुको पालना गरी आफूलाई सुपुत्र र सुपुत्रीको रुपमा व्यक्त गर्न सफल बन्न सकौं । नेपाल आमाको हितमा हुने कार्य गरी देशका सच्चा नागरिक बन्न सकौं भन्दै सम्पूर्ण आमाहरुमा हार्दिक नमन गर्दै मेरो भर्खरै प्रकाशित "लाठोसाथी" स्मृतिकाव्यमित्रको अनुष्टुप् छन्दको चार लाइन कविता यहाँ प्रस्तुत गर्दै कलम बिसाउँछु.....

साक्षात् ईश्वर हुन् बाबु आमा मेरी महेश्वरी ।
छैन समर्थ मै गन्न महिमा के करो भनी ।।
भक्तिले प्रेमले बात गरुन् सन्तति श्वासमा ।
गर्वले कर्मले काम गरुन् अन्तिम कर्ममा ।।

शिक्षकको १ महिने आन्दोलन स्थगित

सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकिए बमोजिम व्यवस्था गर्ने सहमति भएको छ । आगामी आर्थिक वर्ष २०८२/०८३ बाट स्थायी शिक्षकमध्ये

प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकका लागि निजामतीसरह ग्रेड संख्या र रकम कायम गर्ने निर्णय भएको छ । स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी/करार सांविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गरिएको छ ।

यस्तै, सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने भनिएको छ । सरकारको मर्यादाक्रमको सूचीमा शिक्षकहरुलाई समावेश गर्ने निर्णय सरकारले गरेको छ ।

नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा कर्मचारीहरुको सरकारी अस्पतालमा नि:शुल्क उपचार को व्यवस्था सहमति भएको छ । निम्न माध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षकसरह हुने गरी कायम गर्ने निर्णय सरकारले गरेको छ ।

अब यी निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धता सरकारले गरेको छ । सहमतिपछि गृहमन्त्री रमेश लेखक र शिक्षामन्त्री राधुजी पन्तले सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । गहमन्त्री लेखकले १५ असार अघि नै ऐन जारी गर्ने दाबी गरे । 'प्रतिनिधिसभाको ग्यारेन्टी लिएका छौं । हामी विश्वास दिलाउँछौं । १५ अघि नै ल्याउँछौं,' लेखक र पन्तले भने ।

प्रतिनिधिसभाको सम्बन्धित समिति र दुई प्रमुख सत्तारूढ दलका प्रमुख सचेतकले नै लिखित प्रतिबद्धता गरेपछि शिक्षक महासंघ ऐन जारी हुनेमा विश्वस्त देखिएको छ । तर, समय सीमा मित्र ऐन जारी नभए अहिलेको भन्दा कडा आन्दोलन गर्ने चेतावनीसमेत महासंघले दिएको छ ।

'ऐन जारी नभए अहिलेको भन्दा कडा आन्दोलन गर्छौं,' पत्रकार सम्मेलनमै महासंघका अध्यक्ष सुवेदीले भने । योसँगै शिक्षक महासंघले शैक्षिक हडताल स्थगित गरेको छ ।

'आम शैक्षिक हडताल स्थगित भएको छ । सबै शिक्षकहरुलाई नियमित कक्षा सञ्चालन गराउन अनुरोध छ,' उनले भने । परीक्षा र भर्ना अभियानमा संलग्न हुन उनले शिक्षक कर्मचारीलाई निर्देशन दिए । देशभरका शिक्षक २० चैतदेखि काठमाडौंमा थिए ।

यी हुन् सरकार-शिक्षकबीच भएका ९ बुँदे सहमति

१) सम्पूर्ण शिक्षक-कर्मचारीलाई उपचारमा सहुलियत उपलब्ध गराउने ।

२) अस्थायी प्रकृतिका शिक्षक (राहत, अस्थायी / करार सांविक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ता) को बिरामी बिदा सञ्चित हुने र सो बापतको रकम सेवाबाट अलग हुँदाका बखत एकमुष्ट रुपमा प्रदान गर्ने ।

३) प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकिए बमोजिम व्यवस्था गर्ने ।

४) आगामी आव २०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकका लागि निजामती सरह ग्रेड संख्या र रकम कायम गर्ने ।

५) स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी / करार सांविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुन बमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने

६) सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने ।

७) नेपाल सरकारको मर्यादाक्रमको सूचीमा शिक्षकहरुलाई समावेश गर्ने ।

८) नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा कर्मचारीहरुको सरकारी अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था गर्ने ।

९) निम्न माध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षक सरह हुने गरी कायम गर्ने ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । **त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

कैलाश गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय, मकवानपुर

संरचना निर्माणको ...

पुगेका छौं । प्रदेशको प्रशासनिक भवन निर्माणको योजना राष्ट्रिय गौरवको आयोजना निर्धारण भई स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयहरुमा पेस भएको छ,' उनले भने ।

विभागीय मन्त्रालयहरुबाट स्वीकृति प्राप्त भए लगतै सो प्रस्ताव संघीय क्याबिनेटमा पुग्ने र आवश्यक निर्णय सहित प्रदेशमा प्राप्त हुनेछ । त्यसपछि मात्र उक्त योजना निर्माणको काम अघि बढ्ने लामाको भनाइ छ ।

कति पर्छ वन क्षेत्र ?

प्रदेश सरकारको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि प्रशासनिक भवन लगायतका पूर्वाधार निर्माण गर्न हेटौंडा १७ स्थित ३ वटा सामुदायिक वन, विद्यालय र केही सार्वजनिक जग्गा प्राप्ति गर्ने निर्णय भएको थियो । प्रदेशको मन्त्रालय र अन्तर्गतका प्रशासनिक निकायहरुलाई एउटै स्थानबाट एकीकृत र प्रभावकारी रुपमा सार्वजनिक सेवाप्रवाह गर्ने उद्देश्यले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना अन्तर्गत सो आयोजना अघि बढाइएको थियो ।

उक्त आयोजनाका लागि वन क्षेत्रको २७.७३ हेक्टर जग्गा उपभोग हुने देखिएको छ भने विद्यालयको २.५३ हेक्टर र सार्वजनिक खहरे क्षेत्रको ०९३ हेक्टर जमिन प्रयोग हुनेछ । उक्त आयोजना कार्यान्वयनका हेटौंडा१६ र १७ स्थित कित्ता नम्बर १९६ को ५४ बिघा ११ कठ्का १० धुर जग्गामध्ये घ्याम्पे सामुदायिक वन (खण्ड ५) को २१.६८ हेक्टर, चुरेकाली लेक सामुदायिक वन (खण्ड ७) को ५.८९ हेक्टर, गरी वन क्षेत्रको २७.५७ हेक्टर जमिन उपभोग हुनेछ ।

लक्ष्मी आधारभूत विद्यालय क्षेत्रको २.५३ हेक्टर सार्वजनिक जग्गा र खहरे खोलासमेत ०.९३ हेक्टर र वन क्षेत्रसमेत गरी ३१.०३ हेक्टर जमिन प्रशासनिक भवन निर्माण कार्यका लागि लिने प्रक्रिया अघि बढाइएको हो ।

उक्त क्षेत्रमा प्रशासनिक भवन निर्माण गर्दा वन क्षेत्रमा रहेका ५ हजारभन्दा बढी रूख काटिने छन् । आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार प्रदेशको प्रशासनिक भवन निर्माण गर्दा घ्याम्पे सामुदायिक वन र चुरेकाली लेक सामुदायिक वन क्षेत्रको ५ हजार ३४४ वटा रूख बिरूवा काटिने छन् । जसमा घ्याम्पे वन क्षेत्रका ५ हजार १६ र चुरेकाली लेकका ३२८ वटा रूख पर्छन् । यसका लागि सबैभन्दा बढी सिसौ र खोटे सल्लाका रूख काट्नुपर्ने हुन्छ ।

प्रशासनिक संरचना निर्माण गर्दा सो क्षेत्रका ३ हजार ३७३ सिसौ, १ हजार ९३७ खेटे सल्लाका रूख काटिने वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख छ । मसलाका ३३४, टिक ३३०, पाउलेनिया ११८, सिमल ३०, खयर ३५ वटा लगायतका रूख काटिनेछ ।

ती रूख कटान हुँदा १ हजार ६४३ घनमिटर काठ प्राप्त हुनेछ भने १ हजार ६४३ घनमिटर दाउरा उत्पादन हुनेछ । १७४ चट्टा दाउरासमेत प्राप्त हुने वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख छ ।

सो क्षेत्रमा प्रदेश सरकार अन्तर्गतका ३५ वटा संरचना निर्माण हुनेछन् । जसमा मुख्यमन्त्री कार्यालयसहित १० मन्त्रालय, सांसद भवन तथा ४ वटा कार्यालय, सुरक्षा संयन्त्र, प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिक्ताको कार्यालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय, शिशु स्याहार केन्द्र, क्याफेटेरिया, बैंक, अडिटोरियम हल लगायतका संरचना निर्माण हुनेछन् ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री अमन कुमार मास्केका अनुसार प्रादेशिक संरचना निर्माण आयोजना कार्यान्वयनमा प्रदेश सरकार तयार रहे पनि जग्गा प्राप्तिमा ढिला भएकाले कार्यान्वयनको चरणमा प्रवेश गर्न सकिएको छैन । संघीय सरकारले मन्त्रिपरिषद् बैठकबाट जग्गा प्राप्तिको निर्णय गरेसँगै उक्त कार्य तीव्र गतिमा अघि बढाउने उनले बताए ।

संरचना निर्माणका लागि प्रक्रिया पूरा गरी संघीय सरकारमा पठाइएको मन्त्री मास्केको भनाइ छ । संघीय सरकारले उक्त विषयलाई क्रमश: व्यवस्थापन गर्ने गरी अघि बढाएको उनले बताए । संघीय सरकार को वन था वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट प्रक्रिया पूरा गरी क्याबिनेटले जग्गा प्राप्तिको अनुमति दिने उनको भनाइ छ ।

संरचना निर्माणका लागि प्रदेश सरकारले पूर्वाधार निर्माणको विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, माटो परीक्षण लगायतका काम सम्पन्न भएको मन्त्री मास्केले जानकारी दिए ।

जग्गा प्राप्तिमा समस्या हुँदा विगत ५ वर्षदेखि प्रदेश सरकारको बजेटमा समावेश भइरहेको प्रादेशिक संरचनाको बजेट फ्रिज हुँदै आएको छ । सरकारले भौतिक संरचना निर्माणका लागि बजेट विनियोजन गरे पनि निर्माणस्थलको टुङ्गो नलाग्दा आर्थिक वर्ष २०६६/०६६ मा प्रशासनिक तथा आवास भवन अध्ययन तथा निर्माणका लागि विनियोजन भएको ४ करोड रूपैयाँ फ्रिज भएको थियो ।

आर्थिक वर्ष २०६६/०६८ मा ९६ करोड रूपैयाँ, आर्थिक वर्ष २०६८/०६९ मा ५० करोड रूपैयाँ, आर्थिक वर्ष २०६९/०८० का लागि ३ वटा शीर्षक अन्तर्गत ४० लाख रूपैयाँ र सोही वर्षमा मुख्यमन्त्री तथा मन्त्रालयको डिजाइन र इइङ शीर्षक अन्तर्गत २० लाख रूपैयाँ तथा प्रदेश राजधानीको विविध पूर्वाधार विकास अध्ययन तथा अनुसन्धानका लागि २० लाख रूपैयाँ बजेट फ्रिज भएको थियो ।

उक्त आयोजनाका लागि २०८०/०८१ मा ३५ करोड रूपैयाँ र चालु आर्थिक वर्ष ३५ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । चालु आर्थिक वर्षको बजेट पनि कार्यान्वयनमा आउने अवस्था देखिएको छैन ।

बागमती प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि खडा गरेको कार्यालय यतिबेला सडक निर्माणमा लागेको छ । प्रयोजन अनुसारको काम नभएपछि प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनालाई हाल कुलेखानी सिरन्तेरी सडक निर्माणमा लगाएको छ ।

सो कार्यालयको भाडामा मात्र मासिक ६७ हजार व्ययभार भइरहेको छ । भौतिक योजना मन्त्रालयअन्तर्गत हेटौंडा ३ स्थित उक्त कार्यालयले घर भाडाबापत मासिक ६७ हजार रूपैयाँ खर्च गर्दै आएको छ भने अन्य प्रशासनिक खर्च पनि हुँदै आएको छ । कुल ३१ जनाको दरबन्दी रहेको उक्त कार्यालयमा आर्थिक वर्ष २०६७/०६८ देखि बजेट उपलब्ध गराइएको हो । यद्यपि, आर्थिक वर्ष २०६८/०६९ बाटमात्रै सो कार्यालय सञ्चालनमा आएको हो ।

सो कार्यालयअन्तर्गत रहेको प्रादेशिक संरचना निर्माण र सांसदहरुको क्वाटर निर्माणको योजना कार्यान्वयनमा समस्या देखिएको छ । विगतदेखि नै नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्दै आएको प्रदेश सरकारको प्रशासनिक भवन तथा आवास, प्रदेश सभा भवन निर्माणको योजना ल्याइए पनि कार्यालयले कार्यान्वयनमा ल्याउन सकेको छैन । भवनका लागि बजेट विनियोजन गरिए पनि निर्माणस्थल पहिचान गर्न नसक्दा सो योजना कार्यान्वयनमा आउन नसकेको कार्यालयको निमित्त प्रमुख देवनारायण यादवले बताए ।

उनका अनुसार प्रदेश सरकारले निर्माणस्थल पहिचान प्रक्रिया टुङ्ग्याउन नसक्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मन्त्रालयहरु, मन्त्री तथा कर्मचारी आवास गृह, प्रदेश सांसदका आवास गृह निर्माण लगायतका योजनामा विनियोजित बजेट कार्यान्वयन गर्न सकिएको छैन ।

‘नेचर गाइड’ युवती भन्छन् जंगली जनावरले हामीलाई पर्खेजस्तो लाग्छ

○ जमुना वर्षा शर्मा



‘अब त यस्तो लाग्न थालिसक्यो, एक दिन जङ्गल नपस्दा र जङ्गली जनावर नदेख्दा केही कुरा बिर्सिएजस्तो, केही कुरा छुटेजस्तो अनि जनावर ले आफूलाई पर्खेजस्तो।’ तीन वर्षदेखि चितवन राष्ट्रिय निकुञ्जमा ‘नेचर गाइड’का रुपमा कार्यरत एलिना चौधरीका लागि जङ्गल केवल कार्यक्षेत्र मात्र होइन, आत्मशान्ति र सन्तुष्टिको स्रोतसमेत बनेको छ। उनको दिनचर्या अब स्वदेशी-विदेशी पर्यटकलाई प्रकृति र वन्यजन्तुको अवलोकन गराउँदै बित्छ।

‘असहजता, चुनौती, कठिनाइ यी सबैसँग जुध्दै पर्यटकलाई हाम्रो प्रकृति र वन्यजन्तुको जानकारी दिनु अनि तिनीहरुको अनुहारमा खुसी देख्नुजस्तो आनन्द अरु केमा मिल्ला र ?’ एलिना भन्छिन्, ‘प्रकृतिसँग बिताएको प्रत्येक क्षण अमूल्य हुन्छ, त्यसलाई महसुस गर्न जान्नु नै आनन्द रहेछ।’

बाल्यकाल जङ्गल छेउमै बितेकाले एलिनाका लागि जङ्गली जनावरसँगको जम्काभेट सामान्य थियो । बिहान चराचुरुङ्गीको गुञ्जन, शीतल हावाको स्पर्श, हरियालीको आनन्द यिनै कुराले उनलाई प्रकृतिप्रति झन् नजिक बनायो । यही लगावले व्यावसायिक रुपमा नेचर गाइड बन्न प्रेरित गऱ्यो।

नेचर गाइडको औपचारिक तालिमपछि उनले चितवनको मेघौलीस्थित बाराही जङ्गल लजबाट आफ्नो यात्रा सुरू गरेका थिए । अचेल उनको दैनिकी पर्यटकको तालिकाअनुसार कहिले बोट सफारी गाइड, कहिले जिप सफारी गाइड त कहिले ‘जङ्गल वाक’मा गाइडका रूपमा हुनेगर्छ।

अलि बढी चुनौतीचाहिँ जङ्गल वाकमा हुन्छ । एलिना भन्छिन् ‘कतिबेला कुन जङ्गली जनावरसँग जम्काभेट हुने हो, थाहा हुँदैन, डर हुन्छ, तर त्यही डरमिश्रको रोमाञ्चकता नै जङ्गल सफारीको सौन्दर्य हो,’ उनी प्रकृतिका विविधताको ज्ञानसँगै जङ्गली जनावर सँग जोगिने विशेष कला नेचर गाइडमा हुनुपर्ने बताउँछिन्।

सन् २०१९ मा नेचर गाइडको प्रमाणपत्र प्राप्त गरेकी एलिनाले आत्मविश्वास, साहस, निडरता र ज्ञानलाई आफ्नो सबल पक्ष बनाउँदै आएकी छिन् । वन्यजन्तु संरक्षण, दिगो पर्यटन र महिलाको सशक्तिकरणमा योगदान पुऱ्याएबापत एलिना अन्तरराष्ट्रिय ‘टफ टाइगर्स लज न्याचुरलिस्ट अफ दी इयर २०२४’ अवार्ड समेत जित्न सफल भएकी थिइन् । यो उपाधि जित्ने उनी पहिलो नेपाली महिला पनि हुन्।

एलिनासँग पर्यटकहरुसँग बिताएका कैयौं सम्झनाहरु छन् । तीमध्ये एक घटना उनको स्मरणमा ताजै छ। ‘एक महिनाअघि एक नेपाली पर्यटक जङ्गल सफारी गर्न आउनुभएको थियो । यसअघि १२-१५ पटक जङ्गल सफारीमा उहाँले कहिल्यै बाघ देख्ने अवसर मिलेनछ । त्यो दिन संयोगवश, मैले गाइड गरिरहेको बेला उहाँले बाघ देख्नुभयो । उहाँ खुसीसँग एकदम भावुक भएर रून पो थाल्नुभयो,’ एलिना भन्छिन्, ‘खै किन हो कुन्नि, मैले सोध्न पनि सकिनँ। सायद, बाघ देख्ने उहाँको वर्षौंको सपना पूरा भएर पो हो कि।’ थुप्रै अनुभवसँग एलिनाको दिनचर्या जङ्गल र नदी किनारमा प्रकृतिसँग साक्षात्कार गर्दै बितेको छ।

त्यसो त चितवन राष्ट्रिय निकुञ्ज छेउमा घर भएकी २३ वर्षीया सुदीक्षा कुमालको दैनिकी पनि उस्तै छ । स्नातक तेस्रो वर्षमा अध्ययनरत कुमाल बाल्यकालदेखि नै प्रकृति र वन्यजन्तुप्रति रूचि राख्ने उनी आफ्नै दिदीबाट प्रेरणा लिएर नेचर गाइड बन्ने निर्णय गरेको सुनाउँछिन् । ‘मेरो दिदी पनि यो क्षेत्रमा हुनुहुन्छ । उहाँकै प्रेरणाले मैले पनि नेचर गाइडको तालिम लिएँ । वन्यजन्तु संरक्षण र प्रकृतिसँग नजिक रहेर काम गर्ने अवसर पाएँ।’

दुई वर्षदेखि पर्यटन क्षेत्रमा सक्रिय उनले नेपाली तथा विदेशी पर्यटकलाई चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता, वन्यजन्तु संरक्षण र वातावरणीय सन्तुलनका बारेमा जानकारी दिँदै आएका छन् । नेचर गाइडिङ सजिलो यात्रा थिएन । परम्परागत रुपमा पुरूषहरुको वर्चस्व रहेको क्षेत्रमा आफूलाई स्थापित गर्न सामाजिक सोच भत्काएर पर्यटकलाई विश्वस्त बनाउनु थियो।

‘सुरूमा कतिपयले महिलाले यो पेसा गर्न सक्छ भन्ने नै विश्वास गर्दैनथे । चितवन राष्ट्रिय निकुञ्जमा गैंडासहित बाघ, भालुजस्ता वन्यजन्तु पाइन्छन् । पर्यटकलाई जङ्गल सफारीमा लैजानु जोखिमपूर्ण पनि हुन सक्छ,’ सुदीक्षा बताउँछिन् । मौसमको प्रतिकूलता, गर्मी वा वर्षामा बाटो हिलाम्य हुनु, कीराहरुको प्रकोपलगायत प्राकृतिक चुनौती पनि उस्तै हुन्छन्।

वातावरण विज्ञान अध्ययन गरेकी पूर्वचितवनकी साकिना महतो आफू पढाइ अनुसारको पेसामा रमाइर हेको बताउँछिन् । “प्रकृतिप्रेमी र जनावर संरक्षणमा बढी चासो भएकै कारण मैले वातावरण विज्ञान पढँ र यो क्षेत्रलाई पेसा बनाएर अघि बढेकी छु ।” उनले कठिनाइ भए पनि आत्मसन्तुष्टि मिलेको र नौ महिनादेखि यही पेसामा तल्लीन रहेको बताइन्।

‘सहज त पक्कै छैन यो अलि जोखिम साहसिकतामिश्र पर्छ, कुनै समय यो क्षेत्रमा महिला कल्पना गरिँदैनथ्यो तर अहिले महिलाका निडरताका साथ आउन थालेका छन्,’ पर्यटकको जङ्गल अनुभवलाई अविस्मरणीय बनाउन आफ्नो ज्ञान, सीप, कौशलतालाई प्रदर्शन गरिरहेको उनको भनाइ छ।

चितवन योगी टोलकी बिबिएस अध्ययनरत २० वर्षीय प्रभा कुमाल एक वर्षदेखि यो क्षेत्रमा क्रियाशील छिन् । बाल्यकालदेखि नै वन्यजन्तुप्रति रूचिले उनलाई वन्यजन्तुमा आकर्षित गऱ्यो । सानैबाट जङ्गल वरिपरि नै जन्मेहुर्केका कारण वन्यजन्तुसँगको आत्मीयले नै यस क्षेत्रप्रति आकर्षित गरेको उनी बताउँछिन्।

‘जङ्गल र जङ्गली जनावरसँगको अनुभव त पहिले नै थियो तर व्यावसायिक कलाका लागि नेचर गाइडको विशेष कोर्ष पूरा गरी यो क्षेत्रमा प्रवेश गरेँ, यसले थप ज्ञान र आत्मविश्वास बढायो,’ उनले भनिन्।

पुरूषहरुको वर्चस्व रहेको क्षेत्रमा वन्यजन्तु संरक्षण, साहसिक पर्यटन र महिला सशक्तिकरणको नमूनाका रूपमा महिला नेचर गाइडलाई लिन सकिने बताउँछन्, बाराहीजङ्गल लजका सञ्चालक बिप्लव पौडेल। ‘सुरूमा यो क्षेत्रमा महिलाहरुको संख्यया निकै कम थियो । अहिले भने महिला नेचर गाइडहरुको संख्या बढ्दै गएको देख्दा खुसी लाग्छ, उनीहरुको आत्मविश्वास, दक्षता र मेहनत प्रशंसनीय छ।’

नेचर गाइड महिलाहरूको उपस्थितिले स्थानीय समुदायमा महिला सशक्तीकरणको सन्देश प्रवाह गर्न सहयोगी बनेको पौडेल भन्छन्, ‘हामीले बाराही जङ्गल लजबाट महिला गाइडहरुलाई प्रवर्द्धन गर्दै आएका छौं, महिला ज्ञान, सीप र क्षमताका आधारमा अवसर पनि दिँदै आएका छौं ।’ उनीहरुको सीप विकास, तालिम र अवसरको सुनिश्चितितामा सरोकारवालाले अझ ध्यान दिन आवश्यक रहेको उनको भनाइ छ।

फोटो, भिडियोमार्फत पर्यटन प्रवर्द्धनमा सक्रिय फोटो पत्रकार संघ कास्कीका अध्यक्ष राम गुरूङले ‘फोटो वाक एट मेघौली यात्रा’ मा नेचर गाइड महिलाले पर्यटकलाई गाइडिङ गरिरहेका दृश्य निकै गर्विलो लागेको बताए।

उक्त यात्राको अनुभव बाँड्दै गुरूङले भने, ‘केही वर्षअघि मात्रै जङ्गल सफारी, बोट सफारी जस्ता साहसिक गतिविधिमा पुरूष गाइड नै प्रमुख रूपमा देखिन्थे तर अहिले त्यो ठाउँमा महिला नेचर गाइड देखिनु निकै राम्रो र सकारात्मक पक्ष हो।’

गुरूङले भने, ‘वन्यजन्तु, जैविक विविधता, स्थानीय संस्कृतिलगायतका ज्ञानसँगै यस क्षेत्रमा महिला सहभागिताले पर्यटन व्यवसायमा मात्र होइन, समाजमा पनि सकारात्मक सन्देश प्रवाह भएको छ । महिलालाई हेर्ने दृष्टिकोण पनि बदलिँदै गएको छ।’

वन, वन्यजन्तु र वातावरण संरक्षणका क्षेत्रमा क्रियाशील राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गतको जैविक विविधता संरक्षण केन्द्रले नेचर गाइड तालिम सञ्चालन गर्दै आएको छ । जैविक विविधता संरक्षण केन्द्र, सौराहाका वरिष्ठ रेन्जर ऋषि सुवेदीले पर्याप्त ज्ञान, आत्मविश्वास र लगावका साथ नेचर गाइड महिला यस क्षेत्र प्रवेश गरेको बताए।

‘कुनै समय शून्य सहभागिता हुने नेचर गाइड तालिममा अहिले महिलाको गर्विलो सहभागिता हुँदै व्यावसायिकतमा दक्ष जनशक्तिका रूपमा देख्न पाएका छौं । यो खुसीको कुरा हो, उनीहरूलाई अब आवश्यक तालिम दिएर थप चुनौतीको सामाना गर्न सक्ने बताउनुपर्छ।’

उनका अनुसार, विक्रम संवत् २०४६/४७ देखि औपचारिक रुपमा सञ्चालनमा आएको नेचर गाइड तालिम सुरूमा विदेशी स्वयंसेवीहरुद्वारा प्रदान गरिन्थ्यो । जब निकुञ्ज नियमावलीमा ‘तालिम प्राप्त नेचर गाइडले मात्र पर्यटक घुमाउन पाउने’ व्यवस्था गरियो, त्यसपछि कोषले १५ दिने पाठ्यक्रम तयार गरी वातावरण मन्त्रालयबाट स्वीकृति लिएर तालिम दिन थाल्यो । तालिम प्राप्त नेचर गाइडबाट जङ्गल क्षेत्रमित्र हुने वन्यजन्तु चोरी-निकासीलगायतका अन्य कुराको पनि सूचना आउने भएकाले वन तथा वन्यजन्तु संरक्षणमा पनि नेचर गाइड भूमिका महत्वपूर्ण हुने उनको भनाइ छ।

तालिममा सहभागी हुन कम्तीमा एसइई उत्तीर्ण गर्नुपर्ने हुन्छ । स्थानीय तथा मध्यवर्ती क्षेत्रका व्यक्तिहरुलाई प्राथमिकता दिइन्छ । तालिमपछि लिखित तथा अन्तर्वार्ता परीक्षामा कम्तीमा ६० प्रतिशत अङ्क ल्याउनुपर्ने हुन्छ । उक्त मापदण्ड पूरा गरेपछि मात्र नेचर गाइडका लागि योग्य मानिन्छ । तालिम कोषले आफ्ने स्रोत र साधन प्रयोग गरेर सञ्चालन गर्दै आएको हो । विभिन्न सरोकारवाला संस्थाहरुले पनि समय-समयमा तालिमको माग गर्ने गरेका छन्।

हालसम्म एक हजार ६०० देखि एक हजार ७०० जनाले तालिम लिइसकेका छन् । महिलाको संख्या १० देखि १५ प्रतिशतको हाराहारीमा छ । नेचर गाइडले मासिक ३० हजारदेखि ५० हजारसम्म आम्दानी गरिरहेका छन् । पर्यटकलाई पूर्ण दिनको गाइडिङ गरेबापत .एक हजार ५०० देखि दुई हजार सम्म पारिश्रमिक प्राप्त हुन्छ भने आधा दिनको ८०० देखि एक हजारसम्म हुने गर्दछ । भारतलगायत अन्य देशमा समेत यहाँबाट तालिम लिएका गाइडले रोजगारी पाएका उदाहरणहरु रहेको सुवेदीले बताए।

थ्री सिस्टर एडभेन्चर ट्रेकिङ एन्ड महिला सशक्तिकरण नेपालकी संस्थापक लक्की कार्की पर म्परागत रुपमा पुरूषहरुको वर्चस्वमा सीमित पेसामा महिलाले त्यो सीमालाई तोड्दै अगाडि बढ्नु महिला सशक्तिकरणको नमूना भएको बताउँछिन्।

‘महिला नेचर गाइडहरु आफ्नो पेसा मात्र निर्वाह गरिरहेका छैनन्, उनीहरुले स्थानीय समुदायमा सकारात्मक परिवर्तन ल्याउने प्रेरणादायी शक्ति बनेका छन् । फरक क्षेत्रमा पनि महिला अब्बल छन् भन्ने उदाहरण बनेका छन्,’ कार्की भन्छिन्, ‘पहिले महिलालाई संरक्षणको विषय बनाइन्थ्यो, आज उनीहरु संरक्षणका संवाहक बनेका छन्, हिजो सीमित भूमिका दिइन्थ्यो, आज नेतृत्वदायी र चुनौतीपूर्ण भूमिकामा देखापरिरहेका छन्।’

कार्कीले महिला गाइडहरुको आत्मविश्वास, अनुभव, ज्ञान सीप, लगाव समझदारीले नेपालको पर्यटनलाई अझ सुरक्षित, समावेशी र आत्मीय बनाउन भूमिका खेलेको बताइन्। ***नेपाल खबरबाट साभार***

बागमतीका मन्त्री भन्छन्: प्रगति नहुनुको जड कर्मचारी व्यस्थापन

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशमा कार्य प्रगति नहुनुमा कर्मचारी व्यवस्थापन प्रमुख रहेको बताइएको छ । बागमती प्रदेशको मन्त्रीहरुको कार्य सम्पादन समीक्षा बैठकमा कर्मचारी कै कारण सोचे जति प्रगति नभएको मन्त्रीहरूले बताए ।

प्रदेश मुख्यमन्त्री बहादुर सिंह लामा सहित १४ वटै मन्त्रालयका मन्त्री, सरकारमा रहेका नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, तथा नेपाली कांग्रेसका उपनेता तथा सचेतकहरुको उपस्थितीमा बसेको कार्य सम्पादन समीक्षा बैठकले १४ वटै मन्त्रालयहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

बैठकमा अधिकांश मन्त्रीहरुले कर्मचारीकै कारण कार्यसम्दान कमजोर भएको समीक्षा गरे । प्रदेश सरकारको नीति तथा कार्यक्रम निर्माणका लागि बनेको दलीय कार्यदलको आयोजनामा भएको समीक्षा बैठकमा सहभागी मन्त्रीहरुले कर्मचारी व्यवस्थापनमा समस्या हुँदा कार्य सम्पादन कमजोर भएको बताए ।

गत साउनमा गठन भएको सरकारको कार्य सम्पादन समितिको समीक्षा बैठकमा आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट निर्माणको संघारमा रहेका बेला ९ महिने अवधिको उपलब्धि, बजेट कार्यान्वयनको अवस्था, राजश्व संकलनको स्थिती र आगामी आवको तयारीका विषयमा छलफल समेत गरिएको थियो।

बैठकमा सहभागी मन्त्रीहरुले कर्मचारीका कारण सोचेजति प्रगति गर्न नपाइएको गुनासो गरेका हुन्। उनीहरूले संघीय निजामती कर्मचारी हेरफेर, सचिवको सरूवा तथा लेखा अधिकृतको अभावका कारण कार्यसम्पदान कमजोर बनेको बताएका हुन्।

'मन्त्रीहरुको प्रतिवेदन हेर्दा त्यस्तो असन्तुष्ट हुनुपर्ने आवश्यकता मैले देखिनँ,' नेकपा एमाले बागमती संसदीय दलका सचेतक मधुसुदन पौडेलले भने, 'पुँजीगत खर्च आर्थिक वर्षको अन्त्यमा मात्रै हुने भएकोले अहिले बजेट खर्च कम भएजस्तो देखिएको मात्र हो।' प्रगति नै नभएको चाहि होइन उनले भने । मन्त्रालयले गरेका कामहरुमध्ये श्रम रोजगार तथा यातायात मन्त्रालयले नविनतम कार्यहरु गर्दै आएको समीक्षामा प्रस्तुत भएको थियो । प्रदेशमै लाइसेन्स छपाईको काम गर्ने बागमती पहिलो हुने उनले जानकारी दिए । 'समग्रमा भन्नुपर्दा प्रदेशका सबै मन्त्रालयमा कर्मचारी व्यवस्थापनमा समस्या देखिएकै कारण सोचेजति प्रगति गर्न नसकिएको भन्ने गुनासो भने व्यापक आयो' उनले भने ।

कांग्रेस बागमती संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले मन्त्रीहरुले आफ्नो मन्त्रालयको प्रगति सन्तोषजनक नहुनुको दोष कर्मचारीलाई दिएको बताउँछन्। उनका अनुसार बैठकमा सहभागी मन्त्रीहरुले भएका योजना कार्यान्वयन गर्न कर्मचारीहरुले ऐनमा टेकेर काम गनुपर्ने भन्दै फाइल अघि नबढाउँदा योजना कार्यान्वयनमा सकस देखिएको भन्ने गुनासो आएको पूर्वमन्त्री समेत रहेका उपनेता चित्रकारको भनाइ छ।

बैठकले चालू आर्थिक वर्षको चैत सम्ममा बागमतीमा सरकार को कार्यसम्पादन सन्तोषजनक रहेको निष्कर्ष निकालेको उनको भनाइ छ।

बैठकमा केही मन्त्रीहरुले आर्थिक योजना मन्त्रालयले फाइल रोक्दा समेत कार्यसम्पादन सुस्ताएको गुनासो गरेका थिए । अर्थ मन्त्रालयले फाइल पठाउन अनेक बहाना गरेर ठार्न खोज्दा काम गर्न नपाएको गुनासो बैठकमा एक मन्त्रीले राखेका थिए । मन्त्रीहरुले सिलिङ बजेटको असतुष्टि समेत कार्यसम्पादन समीक्षा बैठकमा पोखेका थिए।

यता, बैठकले कानुनी समस्या तथा कर्मचारीका समस्याका कारण प्रदेश सरकार को प्रगति उपलब्धिमुलक नभएको निश्कर्ष निकालेको प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले बताए । बैठकले चालु आर्थिक बर्षको बजेट खर्चको अवस्था र खर्च नहुनुको कारण सहितको समस्या समाधानको उपाय पहिचान गरेको उनले बताए।

'कानुनी समस्यादेखि कर्मचारीको समस्याका कारण कार्यसम्पादन कमजोर बनेको बैठकको निष्कर्ष छ' मन्त्री काफ्लेले भने, 'प्रमुख सचिव तथा सचिवहरु सरूवा भैरहने समस्यालाई कसरी निराकरण गर्न सकिन्छ? भन्ने बिषयमा समेत छलफल भएको छ। बर्ष दिनमा ३ जनासम्म सचिव आउजाउ गर्दा काम गर्न ढिलाई भएको भन्ने मन्त्री ज्यूहरुको तर्क रह्यो। र कार्यविधिको समस्या तथा राजश्व संकलन गर्न स्रोत सूनिश्चिताको बिषयमा पनि छलफल भयो।'

बैठकले प्रदेशको राजश्वदर बढाउन स्रोतको पहिचान गर्ने लगाएतको निष्कर्ष समेत निकालेको प्रदेशका आर्थिक मामिला मन्त्री काफ्लेको भनाइ छ।

१९ बैशाखबाट सातौं शहीद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको राजधानी हेटौंडामा सातौं संस्करणको शहीद स्मृति स्थानीय तह मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ । १९ बैशाखबाट महिलातर्फको गोल्डकप हुने भएको हो ।

प्रतियोगिताको छैटौं संस्करणसम्म पुरूषतर्फ मात्रै हुँदै आएकोमा सातौं संस्करण महिलातर्फका टिम बीच प्रतिस्पर्धा हुन लागेको हो । मंगलबार मकवानपुर जिल्ला फुटबल संघले हेटौंडामा पत्रकार भेटघाट गर्दै प्रतियोगिता सम्बन्धमा जानकारी गराएको हो । प्रतियोगितामा आयोजकसहित ८ वटा टिमको सहभागिता रहने संघ महासचिव छवि सुवेदी जानकारी दिए ।

प्रतियोगिताको विजेताले ५ लाख रूपैयाँ, उपविजेताले ३ लाख रूपैयाँ नगदसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले स्कुटर प्राप्त गर्नेछ । मकवानपुरको हेटौंडा उपमहानगरपालिकाको २५ लाख रूपैयाँ, बागमती प्रदेश खेलकुद विकास परिषद्को १५ लाख रूपैयाँ, मकवानपुरको भीमफेदी र कैलाश गाउँपालिकाको ३/३ लाख रूपैयाँसहित प्रतियोगिता

आयोजनाका लागि विभिन्न क्षेत्रबाट सहयोग रहने बताइएको छ । प्रतियोगितामा सशस्त्र प्रहरीको एपीएफ, नेपाल पुलिस, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब गरी तीनवटा विभागीय महिला टिमसहित मकवानपुर हेटौंडाको रिंगल रिसोर्ट एन्फा महिला टिम मकवानपुर, बीरगन्ज युथ एकेडेमीको महिला टिम र नवजनजागृति युवा क्लब सिमरा बाराको महिला टिम, रौतहट र चितवन जिल्लाको महिला टिम गरी ८ वटा टिमको सहभागिता रहने महासचिव सुवेदीले बताए ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६, गौरिटारस्थित फुटबल खेल मैदानमा आयोजना गरिने प्रतियोगिताको लागि मकवानपुरका अग्रज पत्रकार प्रताप विष्टको संयोजकत्वमा आयोजक समिति गठन गरिएको छ ।

उपमेयर कप भलिबलको उपाधी पुरूष तर्फ १९ र महिलातर्फ १२ नम्बरलाई



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा आयोजना भएको उपमेयर कप भलिबल प्रतियोगिताको उपाधि पुरूषतर्फ हेटौंडा १९ र महिलातर्फ हेटौंडा १२ ले हात पारेको छ ।

सोमबार भएको फाइनल खेलमा पुरूषतर्फ हेटौंडा १९ ले हेटौंडा १२ लाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो । १२ नम्बर वडालाई २५-१५, २५-१५ र २५-१३ को सोझो सेटले पराजित गर्दै १९ नम्बर वडाले उपाधि जितेको हो ।

यसै गरी महिलातर्फ हेटौंडा १२ ले हेटौंडा ९ लाई ४-१ को सेटमा पराजित गर्दै उपाधि हात पार्यो । फाइनलमा हेटौंडा १२ ले २५-२०, २२-२५, २५-१५ र २६-२४ को सेटमा हेटौंडा ९ लाई पराजित गरेको हो ।

उपाधि विजेतासँगै पुरूष तथा महिला दुबै टिमले ७५/७५ हजार रूपैयाँसहित हात पारे । सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो । उपविजेतामा चित्त बुझाएको पुरूष तथा महिला टिमले ५०/५० हजार रूपैयाँ नगदसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरे ।

प्रतियोगिताको पुरूषतर्फ हेटौंडा १९ का सर्वोत्कृष्ट खेलाडी धिरज लो उत्कृष्ट डिफेण्डर हेम उप्रेती, उत्कृष्ट सेटर दिनेश तामाङ, उत्कृष्ट ब्लकर विशेष थापा मगर घोषित भए । दीयमान खेलाडी हेटौंडा १२ का विवेक पराजुली घोषित हुँदा उत्कृष्ट प्रशिक्षक हेटौंडा १९ का सुवास सुवेदी घोषित भए ।

महिलातर्फ प्रतियोगिता हेटौंडा १२ बाट सर्वोत्कृष्ट खेलाडी प्रितज्ञा माझी घोषित हुँदा उत्कृष्ट स्पाइकर हेटौंडा ५ की सजिना नगर कोटी, उत्कृष्ट सेटर हेटौंडा ९ की दिशारा पुलामी, उत्कृष्ट डिफेन्डर हेटौंडा ९ कै आयुषा सिंह, उदीयमान खेलाडी हेटौंडा १२ की प्रशंसा भोम्जन घोषित भए । उत्कृष्ट प्रशिक्षक हेटौंडा १२ का विवेक रूम्बा घोषित भए ।

यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार रूपैयाँ नगदसहित ट्रफी प्राप्त गर्दा विधागत उत्कृष्ट खेलाडीले जनही ४ हजार रूपैयाँ नगदसहित ट्रफी प्राप्त गरेका छन् । प्रतियोगितामा महिला तर्फ वडा नम्बर ५, ९ ११ १२ १७ र १९ को सहभागिता रहेको थियो । यसैगरी पुरूष तर्फ वडा नम्बर ४, ५, ६, ७, ११, १२, १७ र १९ को ठोलीको सहभागीता रहेको थियो ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा १२ बैशाखबाट सुरू प्रतियोगिताको समापन कार्यक्रम केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको हो ।

राक्सिराङ्गमा चदयाङ्ग पूर्वसूचना दिने यन्त्र स्थापना

○ सहीखबर संवाददाता

मकवानपुर । चदयाङ्गजन्य प्रकोपबाट जनधनको क्षति न्यूनीकरण गर्न मकवानपुरको राक्सिराङ्ग गाउँपालिकामा चदयाङ्ग पूर्वसूचना दिने यन्त्र सेन्सर सहितको साइरन स्थापनाको लागि सामग्री हस्तान्तरण गरिएको छ।

साउथ एशियन लाइटनिङ नेटवर्कले गाउँपालिका अध्यक्षलाई उक्त सामग्री हस्तान्तरण गरेको हो । नेटवर्कका अध्यक्ष तथा अनुसन्धानकर्ता श्रीराम शर्माका अनुसार, दक्षिण एसियामै पहिलोपटक सफल परीक्षणपछि यो यन्त्र राक्सिराङ्गमा जडान गरिएको हो । "यस यन्त्रले आकाशमा विद्युतीय चार्जको अनुभूति गरेपछि १६ किलोमिटरको मित्र चेतावनी दिन सक्छ," शर्माले भने।

यसअघि उक्त यन्त्रको भक्तपुरको नगरकोटमा सफल परीक्षण गरिएको थियो। यो प्रणालीले चदयाङ्ग आउनुभन्दा करिब १६ मिनेटअघि पूर्वसूचना दिनेछ, जसले सर्वसाधारणलाई सुरक्षित स्थानमा जानको लागि सन्देश प्रवाह गर्ने अनुसन्धानकर्ता शर्माले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लले राक्सिराङ्ग उच्च विपद् जोखिमयुक्त क्षेत्र भएकाले यस्तो प्रविधिको अत्यावश्यक रहेको बताए।

प्राविधिक टोलीले यथासिघ्र सबै साइरन यन्त्रहरु जडान सम्पन्न गरिने जनाएको छ । वडा नम्बर १ को राम्चे, वडा २ र ३ को भाट्टी, वडा ४ को वडा कार्यालय, वडा ५ को चैनपुरमा मुख्य सेन्सर सहितको साइरन, वडा ६ को सिलिङ्गेको विद्यालय भवन, वडा ७ को गार्लिङ, वडा ८ को पाङ्बुङ र वडा ९ को प्रहरी चौकी कन्द्राङमा साइरन प्रणाली राखिनेछ ।

पिपुल इन निडको आर्थिक सहयोग र साउथ एशियन लाइटनिङ नेटवर्कको प्राविधिक सहयोगमा एउटा मुख्य सेन्सर र आठवटा साइरन सिस्टम वितरण गरिएको हो।

आज १३६औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस



○सहीखबर संवाददाता

आज मे दिवस अर्थात् १३६औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस । विविध कार्यक्रम गरी मनाइँदैछ ।

विश्वभरका मजदुरले यो दिवसलाई पर्वका रुपमा लिँदै आफ्ना हकअधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले यो दिवस विभिन्न कार्यक्रम गरी मनाउँदै आएका छन् ।

नेपालमा पनि श्रमिकहरुको पेसागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन तथा अधिकार स्थापित भएको दिनका रुपमा प्रत्येक वर्ष मे १ तारिखका दिन यो दिवस मनाउने गरिन्छ ।

सन् १८८६ मे १ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित सुरू भएको मजदुर आन्दोलनको सम्झनामा हरेक वर्ष यसै दिन यो दिवस मनाइँदै आइएको छ ।

उक्त आन्दोलनका क्रममा सिकागोको हेय मार्केट भन्ने ठाउँमा बम विस्फोट र प्रहरीको गोली लागेर सातजना मजदुरको मृत्यु भएको थियो । मजदुर आन्दोलनले अन्ततः सफलता हासिल गरेको थियो ।

पछि सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम सङ्गठन एवम् श्रमिक नेताहरुको बैठकले विश्व श्रमिक दिवस विश्वभर मनाउने निर्णय गरेको थियो ।

नेपालमा पनि विराटनगरमा २००३ सालमा भएको श्रमिक आन्दोलनको सफलता र विसं २००७ को परिवर्तनसँगै यो दिवस मनाइन थालिएको हो । विसं २०४६ को राजनीतिक परिवर्तनसँगै नेपालमा यो दिवसमा सार्वजनिक बिदासमेत दिन थालिएको छ ।

यहाँ मे दिवसको परम्परा पञ्चायती शासनको विरोध गर्दै मित्रिएको थियो । नेपाल ट्रेड युनियन महासंघका अनुसार पहिलोपटक विसं २०१९ मा नेपाल मजदुर सङ्गठनले पहिलो पटक मे दिवस आयोजना गरेको थियो ।

पदार्थको मूल्य

○सहीखबर संवाददाता

मकवानपुर । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ ।निगमले बिहीबारदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर २ रूपैयाँ र डिजेल तथा मट्टीतेलमा प्रतिलिटर १ रूपैयाँका दरले मूल्य घटाएको हो ।

इन्डियन आयल कर्पोरेसनबाट मूल्य घटेर आएसँगै समायोजन गरिएको निगमले जनाएको छ । एलपी ग्याँसको मूल्य घटेर आए पनि खुद्रा ब्रिकी मूल्य यथावत राखिएको छ । । एलपी ग्याँस प्रति सिलिण्डर १५ रूपैयाँले



घटेर आएको नेपाल आयल निगमले जनाएको छ ।

नयाँ मूल्य अनुसार पेट्रोल पहिलो वर्गमा प्रतिलिटर १५५,दोस्रो वर्गमा १५७ र तेस्रो वर्गमा १५८ रूपैयाँ कायम गरिएको छ । त्यस्तै डिजेल र मट्टीतेल पहिलो वर्गमा १४३,दोस्रो वर्गमा १४४,तेस्रो वर्गमा १४५ कायम गरिएको छ । हवाई इन्धन आन्तरिकतर्फ १२१ कायम गरिएको छ ।

त्यस्तै हवाई इन्धनमा आन्तरिकतर्फ प्रतिलिटर ४ रूपैयाँ मूल्य घटाइएको छ ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

यस वडाबासी सबैलाई घटना भएको ३५ दिन भित्र वडामा दर्ताको लागि अनुरोध छ ।

७ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमूखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

बकैया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय हात्तिसुढे मकवानपुर